# फालेलुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### थोक्लिम्बा, पाँचथर

पत्र संख्या : २०७७/०७८
च. नं. :

मिति : २०७८/०१/२१
१ नं.प्रदेश, नेपाल

फालेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थोक्लिम्बा, पाँचथर १ नं. प्रदेश नेपाल २०७३

**प्रेस नोट**

**मिति २०७८।०१।२१**

आज मिति २०७८।०१।२१ गते कोभिड-१९ रोकथामका लागि यस गाउँकार्यापालिकाको बैठकबाट भएका नर्णयहरु २०७८।०१।२२ गते देखि लागुहुने गरि सरोकारवाला तथा सर्वसाधरणको जानकारीको लागि यसै प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गरिएको व्यहोरा साथ अनुरोध छ।

**निर्णयहरुः**

(क) कोरोनासम्बन्धी सूचना प्रवाह गर्न वडा वडामा माइकिङ गर्ने ,

(ख) गाउँपालिकाका व्यक्तिहरु जिल्ला बाहिरबाट गाउँपालिका प्रवेश गर्दा गाडीवालाले वडा कार्यालय तथा सुरक्षा निकायसँग समन्वय गर्नु पर्ने ।

(ग) वडा नं ०८ मा रहेको आकाशेमा १०० जना अट्ने क्वारेनटाइन तथा १० जना अट्ने क्षमताको आइसोलेशनमा अट्ने क्षमता तथा वडा नं ०१ मा रहेको आहालडाँडामा १०० जना अट्ने क्वारेनटाइन तथा १० जना अट्ने क्षमताको आइसोलेशन स्थापना गर्ने ।

(घ) कोभिड–१९ का कारण कसैको मृत्यु भएमा प्रचलित कानुन बमोजिम वडा नं ०३ मा रहेको घुमाउनेटार स्थानमा सुरक्षाकर्मीद्वारा दहन गर्ने ।

(ङ) मिति २०७८।०१।२२ गते देखि विवाह, ब्रतबन्ध, काजकिरियाजस्ता सामाजिक तथा संकृतिक गतिविधिहरुमा अन्यत्र जिल्ला तथा अन्यत्र पालिकाहरुबाट आफन्त तथा कुनै पनि व्यक्तिहरुलाई आमन्त्रण गर्न नदिने । स्थानीय स्तरका २५ जनाभन्दा कम व्यक्तिहरुको जमघटमा स्वास्थ्य सावधानी अपनाई त्यस्ता कार्यक्रमहरु गर्ने ।

(च) फिदिम नगरपालिकाबाट फालेलुङ गाउँपालिका प्रवेश गर्ने सम्पूर्ण यात्रुवाहक गाडीहरुलाई आकाशेमा अनिवार्य चेक जाँच गरेर मात्र प्रवेश गर्न दिने । साथै हिलिहाङ गाउँपालिकाबाट फालेलुङ गाउँपालिका प्रवेश गर्ने सम्पूर्ण यात्रुवाहक गाडीहरुलाई आहालडाँडामा अनिवार्य चेक जाँच गरेर मात्र प्रवेश गर्न दिने । आकाशे र आहालडाँडामा स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको हेल्प डेस्क स्थापना गर्ने ।

सञ्च कुमार केरुङ
गाउँपालिका अध्यक्ष

सञ्च कुमार केरुङ
अध्यक्ष



*फोन नं. : ०२१-६९६४९० email-phalelunggaunpalika@gmail.com*
*website- www.phalelungmun.gov.np*